# इन्द्रबहादुर राईका कथामा परम्परावादी र प्रयोगवादी प्रवृत्ति

■ **डा. उर्मिला शर्मा**
नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल
Email : sharma.urmila2018@gmail.com
DOI : https://doi.org/10.3126/ss.v10i1-2.68606

**सार**

*इन्द्रबहादुर राई नेपाली भाषा, संस्कृति, जाति र साहित्यप्रति असीम आस्था र विश्वास राख्ने बहुमुखी स्रष्टा हुन् । यिनको साहित्यसिर्जनले विशेष गरी नेपाली समालोचना र आख्यानका क्षेत्रमा नवीनता, प्रयोगशीलता र बौद्धिकताको प्रवेश र विस्तार भएको छ । प्रयोगवादी उपन्यासकार राई परम्परावादी र प्रयोगवादी कथाकार पनि हुन् । परम्परावादी कथाकारको रूपमा राईले प्रवासी नेपाली जीवनलाई यथार्थवादी र मनोवैज्ञानिक ढङ्गमा आफ्ना कथामा अभिव्यञ्जित गरेका छन् भने प्रयोगवादी कथाकारका रूपमा सिद्धान्ततः यिनी आयामिक र लीलालेखनका कथाकार हुन् । पश्चिमी चिन्तन र आख्यानलेखनलाई नेपाली कथापरम्परामा समाहित गर्न सक्षम राईले कथाको सिद्धान्त र प्रयोगलाई जीवनजस्तै प्रयोगशील र गतिशील बनाएका छन् । यस आलेखमा राईका कथामा पाइने परम्परावादी र प्रयोगवादी कथाप्रवृत्तिहरूको विश्लेषण गरिएको छ । यस किसिमको तुलनात्मक विश्लेषणबाट परम्परावादी र प्रयोगवादी दुवै किसिमका प्रवृत्तिलाई कथामा सशक्त रूपमा प्रस्तुत गर्न सक्नु कथाकार राईको उल्लेख्य वैशिष्ट्य हो भन्ने निचोड प्राप्त भएको छ ।*

**शब्दकुञ्जिका :** अभिव्यञ्जना, अमूर्तता, अर्थसापेक्ष, नियतिनिर्दिष्ट, लीलालेखन ।

## विषयपरिचय

वि.सं. १९८४ माघ महिनामा भारतको दार्जिलिङमा जन्मिएका इन्द्रबहादुर राईले भारतलाई नै कर्मथलो बनाएर भारतीय नेपालीको चिनारी पाए । राईले कर्मथलो र त्यहाँको भाषाभन्दा माथि उठेर नेपाली भाषा, जाति, संस्कृति र साहित्यप्रति असीम अनुराग राखे । आधुनिक नेपाली साहित्यका क्षेत्रमा इन्द्रबहादुर राई बहुश्रुत तथा बहुमुखी प्रतिभा हुन् । यिनले विपना कतिपय (सन् १९६०), कथास्था (१९७२), *कठपुतलीको मन* (१९८९) र *लीलालेखन* (१९९७) लेखेर आधुनिक नेपाली कथाका परम्परावादी र प्रयोगवादी कथाकारको परिचय दिएका छन् भने आज रमिता छ (वि.सं.२०२१) को सिर्जना गरेर सफल समसामयिक प्रयोगवादी उपन्यासकारको परिचय दिएका छन् । त्यति मात्र होइन, *नेपाली उपन्यासका आधारहरू* (वि.सं. २०३१) जस्तो बौद्धिक समालोचनात्मक ग्रन्थको लेखनबाट यिनले बौद्धिक द्रष्टाको दृष्टान्त पनि प्रस्तुत गरेका छन् ।

राईको योगदान यतिमा मात्र सीमित छैन । यिनले दार्जिलिङमा *नेपाली नाटकको अर्धशताब्दी* (१९८४), *सन्दर्भमा ईश्वरबल्लभका कविता* (१९७६), टिपेका टिप्पणीहरू (१९६६), *साहित्यको अपहरण : मार्क्सवादी प्रतिबद्धता* (१९८३), *पहाड र खोला* (१९९३), *अर्थहरूको पछिल्तिर* (१९९४), *पृष्ठपृष्ठ* (१९९५) र *समयाङ्कन*

(१९९७) जस्ता विविध विधामा आधारित सिर्जनात्मक र विवेचनात्मक रचनाहरू दिएर नेपाली साहित्यमा बहुश्रुत तथा बहुमुखी प्रतिभाको स्थान प्राप्त गरेका छन् । यिनले सिर्जनात्मक तथा समालोचनात्मक रचनाहरूको लेखनका अतिरिक्त साहित्यिक पत्रकारिता र सङ्ग्रहहरूको प्रकाशनमा पनि गहकिलो योगदान दिएका छन् । दार्जिलिङबाट प्रकाशित हुने *मालिङ्गो, दियालो, हाम्रो भाषा* जस्ता प्रतिष्ठित पत्रिकाहरू र *भानुभक्तका कृति : अध्ययनहरू* (१९६९) जस्ता समालोचना सङ्ग्रहको सम्पादनले राईको कुशल सम्पादक व्यक्तित्वको परिचय दिएका छन् । यस्ता बहुआयामिक व्यक्तित्वका धनी राईका सिर्जनाका विविध पक्षमा अध्ययन हुनु आवश्यक छ र भएको पनि छ । राईका सिर्जनाका विविध पक्षका बारेमा अध्ययन भए पनि उनका कथामा पाइने परम्परावादी र प्रयोगवादी प्रवृत्तिको तुलनात्मक अध्ययन भने भएको पाइँदैन । यसैले यो लेख इन्द्रबहादुर राईका कथामा केकस्ता परम्परागत र प्रयोगवादी प्रवृत्ति पाइन्छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ ।

## अध्ययनविधि

इन्द्रबहादुर राईलाई एकै ठाउँमा परम्परावादी र प्रयोगवादी कथाकारको रूपमा नहेरिएको अवस्थामा यस अध्ययनको उद्देश्य राईका कथामा पाइने परम्परित र प्रयोगशील प्रवृत्तिको विश्लेषण गरी सामान्यीकरण गर्नु रहेको छ । यसका निमित्त पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । राईका कथाहरू प्रमुख सामग्रीका रूपमा रहेका छन् भने अन्य सैद्धान्तिक तथा समालोचनात्मक पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा आगमनात्मक पद्धतिका आधारमा सामग्रीको विश्लेषण गर्दै निष्कर्षसम्म पुगिएको छ । आवश्यक स्थलमा व्याख्यात्मक एवं समीक्षात्मक विधिलाई पनि आधार बनाइएको छ ।

## कथाकार इन्द्रबहादुर राई र उनका कथाप्रवृत्तिहरू

नेपाली साहित्य सृजना, अध्ययन र सम्पादनमा आफ्नो विशिष्ट प्रतिभा प्रस्तुत गर्ने नेपाली साहित्यकार इन्द्रबहादुर राई सामाजिक-मनोवैज्ञानिक, प्रयोगवादी तथा नवप्रयोगवादी कथाकारका रूपमा पनि प्रतिष्ठित छन् । 'विपना कतिपय' रचनामा सङ्कलित तेइस कथाहरूले राईका कथा-यात्राको प्रथम चरणको प्रतिनिधित्व गर्दछन् भने 'कथास्था'का कथाकार राई आयामिक देखिन्छन् । 'लीलालेखन'का कथाले यिनलाई नवप्रयोगवादी कथाकारको स्थान प्रदान गरेका छन् । यिनका 'विपना कतिपय'का कथाहरूमा विशेष गरी कथाकार मैनालीले थालेको बहिर्मुखी सामाजिक यथार्थवादी कथालेखन नै बढी मात्रामा पाइन्छ । यस दृष्टिले कथाकार राईको अध्ययन गर्दा के भन्न सकिन्छ भने पहिलो चरणमा यिनी प्रवासी नेपाली कथाकार रूपनारायण सिंह र शिवकुमार राईकै परम्परामा गतिशील देखिन्छन् तर पनि यिनले आफ्ना कथामा घटनालाई भन्दा पात्रका चरित्रका विशेषतालाई समात्ने प्रयास गरेका छन् । यस चरणका राईका कथामा भारतमा र खासगरी दार्जिलिङमा काम-मामका लागि सङ्घर्षरत प्रवासी नेपालीहरूले भोग्नु परेका पीडा र कठिनाइको मार्मिक र संवेदनात्मक प्रस्तुति पाइन्छ । राईका यस चरणका कथाहरू परम्परित सामाजिक यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी मान्यतामा आधारित छन् ।

आयामेली आन्दोलन परम्परावादी चेप्टो साहित्यसँगको चुनौती हो । इन्द्रबहादुर राई यस आन्दोलनका अगुवा हुन् र आयामिक कथाकार पनि हुन् । आयामिक सिद्धान्तअनुसार मानिसको अघिल्तिर वा पछिल्तिरको कुनै एक पक्षलाई मात्र प्रक्षेपण गर्ने साहित्य, जसले परम्पराको प्रतिनिधित्व गरेको छ- 'चेप्टो' हो । साहित्यमा जीवनको

सिङ्गो प्रस्तुतिको अवधारणा राख्दै २०२० मा कथाकार इन्दंबहादुर राईको अगुवाइमा यस आन्दोलनको स्थापना भएको हो ।

जीवनलाई पूर्णतामा प्रस्तुत गर्न यस आन्दोलनले खास गरी दुई शब्दावलीमा जोड दिएको छ । 'वस्तुता' र 'समग्रता' यसको प्रमुख शब्दावली हो । यी दुई शब्दको छुट्टै अस्तित्व छैन । एक-अर्काको पूरकको रूपमा यिनलाई प्रयोग गरिएको छ। सम्पूर्णता भन्नु नै वस्तुता हो र सम्पूर्णता वस्तुतामा समीकृत छ। यी दुई शब्दको तात्पर्यबाट आयामिक आन्दोलनको मूल अभिप्राय बुझ्न सकिन्छ ।

आयामेली आन्दोलनका संस्थापक र प्रवर्तकहरूले वस्तुतालाई पराभौतिक मानेका छन् । यसलाई आध्यात्मिक योगविन्दुसँग सम्बद्ध गर्ने प्रयास पनि यिनीहरूबाट भएको छ। अनुभूति भौतिक हुन्छ भन्ने सिद्धान्तमा यिनीहरू विश्वस्त छन् । यसको प्रमाण के हो भने यो आन्दोलन वस्तुतात्मक अमूर्तताको अभिव्यञ्जनाका लागि सञ्चालन गरिएको छ । वस्तुतात्मक अमूर्तताको व्यञ्जनाद्वारा नै जीवनको समग्रता अभिव्यक्त हुन्छ भन्ने दृढ विश्वास आयामेलीहरूमा रहेको पाइन्छ । वस्तुको मूर्त पक्षले कथादिमा चेप्टोपन जन्माउँछ तर वस्तुको यथार्थ पराभौतिक हुने हुँदा यही यथार्थ वस्तुतात्मक अमूर्ततामा परिणत भई मानिसको समग्रतालाई तत्क्षण प्रक्षेपित गर्दछ ।

सम्पूर्णता विषयसम्बद्ध आयामेली सिद्धान्तमा घनवाद र जेस्टाल्टवादको प्रबल प्रभाव देखिन्छ। अनुभूति भौतिक हुन्छ भन्ने धारणासँग सम्पूर्णताको धारणा पनि जोडिएको पाइन्छ । वस्तुको यथार्थलाई भेदन गरी त्यसको पराभौतिक गहिराइमा पुगेपछि मात्र सम्पूर्णता सम्भव हुन्छ । यस सिद्धान्तमा सम्पूर्णता भन्नु नै जीवनको स्वीकृति हो ।

यस आन्दोलनको अभिव्यक्तिमा नवीन स्वर र स्वरसन्धानप्रतिको झुकाउ पाइन्छ । लेखाइमा चित्रकलाको सोझो साम्यको भाषा प्रयोग गर्दै आयामेलीहरूले यथार्थ मिल्दो नयाँ भाषा नेपाली साहित्यलाई दिएका छन् । भावको अर्मूत विधानमा विश्वास राख्ने हुनाले परम्परागत भाषाको साँघुरोपनलाई नाघी आयामिक लेखकहरूले भाषामा चित्रात्मक अनुभूतिको खोज गरेका छन् र अनुभूतिको तत्क्षणता सम्प्रेषित गर्नु भाषा भाँच्नुको उद्देश्य स्विकारेका छन् (शर्मा, २०६७, पृ. २०९) । यसैले आयामेली सिद्धान्त परम्परित सिद्धान्तभन्दा भिन्न छ भन्ने स्पष्ट हुन्छ ।

आयामिक लेखक राईका कथाहरूमा पाइने सत्तामूलक नवीनताको अभिव्यक्तिले नेपाली कथा-प्रवाहमा नयाँ आकृति र रूपको क्षितिज उघारेको छ। कथानक रचना, पद्धति, दृष्टिकोण र रूपाधान आदिका दृष्टिले नयाँ शिल्प-विधान यिनका कथामा पाइन्छ र यो शिल्प विधान निश्चित सिद्धान्तमा आधृत समेत देखिन्छ ।

नेपाली कथाको आधुनिक परम्परामा राईका आयामिक तथा लीलालेखनका कथाहरूले सर्वप्रथम यथार्थवादी कथाको चुनौतीलाई सिद्धान्ततः समेत स्विकारेको पाइन्छ र यस किसिमको कथा-लेखनले नेपाली कथामा बौद्धिक व्यायामको पनि काम गरेको छ। कलात्मक योगदानको लामो परम्परा कायम गर्न र नव-आन्दोलनका रूपमा गतिशील रहन नसके पनि 'कथास्था'को आयामिक कथालेखन तथा लीलालेखन प्रयोगवादी नेपाली कथा लेखनको प्रयोगशील अभिव्यक्ति हो। तसर्थ राईका कथालेखनको अध्ययन गर्दा परम्परावादी र प्रयोगवादी दुवै कथा धर्मको दृष्टिको निर्माण गर्नु आवश्यक हुन्छ ।

## परम्परावादी कथाकार राई र प्रवृत्तिहरू

२०१६ सालमा ‘रातभरि हुरी चल्यो’ कथा प्रकाशित गरी औपचारिक रूपमा कथा-यात्रा आरम्भ गर्ने कथाकार राईले आधुनिक नेपाली कथासाहित्यलाई उर्वरता प्रदान गरेका छन् । यिनका धेरै कथाहरू ‘विपना कतिपय’, ‘कथास्था’ र ‘कठपुतलीको मन’ जस्ता कथासङ्ग्रहहरूमा सङ्कलित छन् । यिनको कथालेखन ‘विपना कतिपय’ र ‘कथास्था’ हुँदै ‘लीलालेखन’सम्म आइपुगेको छ । बौद्धिक र प्रयोगशील कथाकारका रूपमा परिचित र स्थापित कथाकार राई बाँचुन्जेल साहित्य सृजनामा सक्रिय थिए । चार दशकभन्दा लामो राईको कथा-यात्राको अध्ययनबाट के भन्न सकिन्छ भने कथाकार राई सामाजिक-मनोवैज्ञानिक तथा प्रयोगवादी कथाकारका रूपमा प्रतिष्ठित छन् । सामान्यीकरण सिद्धान्तका आधारमा कथाकार राईमा निम्नलिखित विशेषताहरू पाउन सकिन्छ :-

प्रवासी नेपाली जीवनको सामाजिक यथार्थवादी कथा-लेखन कथाकार राईको प्रथम र महत्त्वपूर्ण विशेषता हो । कथानक, पात्रको चरित्रचित्रण, सामाजिक-सांस्कृतिक परिवेश, भाषाशैली र उद्देश्यका दृष्टिले राईको प्रथम चरणको कथाकार प्रवासी नेपाली जीवनको सामाजिक यथार्थवादी कथाकारका रूपमा प्रस्तुत भएको छ (शर्मा, २०६७, पृ. २१५) । यस दृष्टिले राईको *विपना कतिपय*मा सङ्कलित ‘रातभरि हुरी चल्यो’, ‘चप्रासी’ र ‘जयमाया आफू मात्र लिखापानी आइपुगी’ जस्ता कथाहरू बढी उदाहरणीय छन् । ‘रातभरि हुरी चल्यो’ कथामा आर्थिक दृष्टिले निम्नवर्गीय कालेको बाबु र आमाको दयनीय पारिवारिक जीवनको चित्र प्रस्तुत गर्दै तिनले बेहोर्नुपरेको प्राकृतिक विपत्तिको यथार्थ बयान गरिएको छ । साथै यस कथामा बीबी गुरुङ र गुरुङसिनीको पारिवारिक जीवनको यथार्थ अभिव्यक्त गर्दै सम्पन्नतामा पनि प्राकृतिक विपत्ति पर्न सक्छ भन्ने तथ्य प्रस्तुत गरिएको छ (राई, २०५०, पृ. ८७-९९) । यसैगरी यिनको ‘चप्रासी’ कथाले प्रस्तुत कथाले झैँ प्रवासी नेपाली जीवनको यथार्थलाई कला प्रदान गर्दै निम्नवर्गीय पात्र रामलाल चप्रासीका पारिवारिक जीवनको तथ्य अभिव्यक्त गरेको छ । हिन्दुस्तानमा बसी सामान्य नोकरी गरेर जीवन बिताउन विवश चप्रासी रामलालले दुःख सहेर भए पनि छोरो अजयलाई पढाउन सकेकोमा अपूर्व सुखको अनुभव गरेको छ । उसलाई थाहा थिएन, छोराले आर्जन गरेको शिक्षा र सामाजिक हैसियत नै पारिवारिक द्वन्द्वको कारक बन्ने छ र यसले जीवनमा दुःखद परिणाम छोड्ने छ । ‘चप्रासी’ कथामा कथापात्र रामलाल पारिवारिक द्वन्द्वकै कारण आफ्नो अस्तित्व समाप्त गर्न पुगेको छ । परिवारको निमित्त जीवनभर सङ्घर्ष गरेर मृत्युवरण गर्दा पनि उसले परिवारबाट सम्मानका बदला तिरस्कार नै प्राप्त गरेको छ । यो प्रवासी नेपालीको सामाजिक-पारिवारिक यथार्थ हो । राईको ‘जयमाया आफूमात्र लिखापानी आइपुगी’ कथा पनि प्रवासी नेपाली जीवनको यथार्थलाई प्रत्यङ्कन गर्न सफल छ । नेपालीहरूले दोस्रो विश्वयुद्धको समयमा भोग्नुपरेका युद्ध विभीषिका र सन्त्रासको यथार्थ प्रस्तुति राईका प्रथम चरणका कथाको विशेषता हो भने प्रस्तुत कथा यस दृष्टिले बढी उल्लेखनीय देखिन्छ । यस कथामा भारत बर्मासम्म छरिएर बसेका नेपालीहरूले भोग्नुपरेको दुर्दशालाई निजीपनका साथ राईले कारुणिक संवेदना र उच्च कला प्रदान गरेका छन् । ‘जय माया आफूमात्र लिखापानी आइपुगी’ कथाको जयमाया दोस्रो विश्वयुद्धले भारतीय उपमहाद्वीपमा छोडेर गएका अवशिष्ट गुणहरूलाई थाप्लामा बोकेर हिँड्न विवश निम्नवर्गीय नेपाली जीवनकी प्रतिनिधिका रूपमा उपस्थापित छे । कथाकार राईले यस चरणका कथामा सङ्कटपूर्ण प्रवासी नेपाली जीवनको सामाजिक यथार्थ अभिव्यक्त गर्न सफल कथाकारको दायित्व पूरा गरेका छन् ।

परम्परावादी-सामाजिक यथार्थवादी कथाकारका रूपमा राईले प्रवासी नेपाली जीवनको कारुणिक र मानवीय पक्षलाई महत्त्व दिएका छन् । जब मानिसले दुःख पाउँछ त्यहाँ सबैको सहानुभूति प्रकट हुन्छ । मानवीय संवेदना भनेको पनि यही हो । दुःख पाएको मानिस कि दैवी विपद्‌बाट प्रभावित हुन्छ कि मानवीय नियतिले ठगेको दीन हुन्छ । यिनको 'रातभरि हुरी चल्यो' कथामा नियतिले ठगेका दीन पात्र कालेको बाबु र कालेकी आमामाथि प्राकृतिक विपत्ति आइपरेको करुण-कथा प्रस्तुत छ भने 'चप्रासी' कथा निम्नवर्गीय नेपालीले गरेको जीवन-सङ्घर्ष र आधुनिक सामाजिक संस्कारका बिचको द्वन्द्वबाट उत्पन्न दुःखद स्थितिको अभिव्यक्तिले गर्दा कारुणिक बन्न पुगेको छ । यसैगरी राईको 'मेरी दिदी' कथा नेपाली सामाजिक-सांस्कृतिक परिवेशको सेरोफेरोमा नारीका मानसिक समस्याको अध्ययनका साथै त्यसप्रति गहिरो सहानुभूति प्रकट गर्न सफल छ । त्यति मात्र होइन, यिनका 'ब्ल्याक आउट काजु, बदाम, छोरा', 'त्यसरी बाँचेको छ त्यसरी नै', 'महारुदन' जस्ता प्रयोगवादी कथामा पनि मानवीय करुणाको यो पक्ष अक्षुण्ण देखिन्छ । तसर्थ प्रवासी नेपाली जीवनको कारुणिक पक्षको नाटकीकरण कथाकार राईको महत्त्वपूर्ण विशेषता हो ।

परम्परावादी कथाकारका रूपमा राईका कथामा पात्रको चारित्रिक पक्षले उचाइ प्राप्त गरेको छ । घटनालाई महत्त्व दिँदादिँदै र सामाजिक-पारिवारिक तथा भौगोलिक प्राकृतिक परिवेशलाई कथामा उपस्थापन गर्दागर्दै पनि यिनको 'रातभरि हुरी चल्यो' कथाले कालेको बाबु र आमाको चरित्रलाई महत्त्वका साथ प्रस्तुत गरेको छ भने रामलाल चप्रासीको सजीव चित्र हो- 'चप्रासी' कथा । दोस्रो विश्व युद्धका समयमा नेपालीले बेहोर्नुपरेको सामूहिक वेदनालाई चित्रण गर्दागर्दै पनि 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथा जयमायाको चरित्राङ्कनलाई महत्त्वका साथ अभिव्यक्त गर्न सफल देखिन्छ भने यिनका प्रयोगवादी तथा नवप्रयोगवादी कथाहरूमा समेत चरित्राङ्कनको यो पक्ष अरु प्रबल भएर उठेको देखिन्छ । यसैले सामाजिक यथार्थवादी कथालेखनभित्रको चारित्रिक जीवन्तता र उचाइ कथाकार राईको निजी तथा वैशिष्ट्य मानिन्छ ।

कथाकार राईका पूर्वार्धका कथामा यथार्थवादी जीवनदृष्टिका साथसाथ परम्परागत शिल्प सञ्चेतनाको समन्वय पनि पाइन्छ । प्रत्यक्ष अर्थसापेक्षमा शीर्षक चयन, कथानक रचनामा घटनात्मकता, रैखिक विकास र रचना सङ्गतिको युक्तियुक्तप्रयोग, पात्रको चरित्रचित्रण पद्धति, दृष्टिकोण-प्रयोग, गतिपद्धतिको संस्थापन र कथात्मक उद्देश्यको प्रतिष्ठानजस्ता तत्त्वहरूको अभिव्यञ्जना दृष्टिले यस चरणका कथाकार राई परम्परावादी देखिन्छन् । कथाको परम्परावादी स्थापत्यकलाका दृष्टिले राईका 'मेरी दिदी', 'रातभरि हुरी चल्यो', 'चप्रासी', जयमाया आफूमात्र लिखापानी आइपुगी' कथा बढी उदाहरणीय देखिन्छन् ।

## प्रयोगवादी कथाकार राई र प्रवृत्तिहरू

परम्परावादी-यथार्थवादी कथालेखनबाट कथायात्रा आरम्भ गरे पनि इन्द्रबहादुर राई खासगरी प्रयोगवादी कथाकार हुन् । यिनले आधुनिक नेपाली कथाको प्रयोगवादी धारामा ठूलो योगदान पुऱ्याएका छन् । उत्तरार्धका राईका कथामा नवीन जीवन यथार्थ र संरचनाको खोज गरिएको छ । राईको कथाकार परम्परावादी हुनुभन्दा प्रयोगशील हुनुमा रुचि राख्दछ । विषयचयन, शिल्पसङ्गठन र रूपाधान प्रतिपादन सबैमा नवीनता र प्रयोगशीलताप्रतिको अभिव्यञ्जना उत्तरार्धका कथाकार राईको मूलभूत विशेषता हो । आफ्ना कथाका माध्यमबाट एउटा नयाँ कथा-परिभाषा दिन सक्नुलाई कथाकारको सफलता सम्झिने कथाकार राई नेपाली साहित्यको प्रयोगवादी आन्दोलनका व्याख्याता र प्रयोगता दुबै हुन् । यिनका उत्तरार्धका कथामा यस्ता

आन्दोलनहरूको प्रभाव पनि रहेको छ । यस दृष्टिले राईका 'कथास्था', 'कठपुतलीको मन' र 'लीलालेखन' अन्तर्गत सङ्कलित कथाहरू उदाहरणीय मानिन्छन् ।

प्रयोगवादी कथाकारका रूपमा राई आयामिक कथाकार हुन् । परम्परागत लेखनलाई 'चेप्टोलेखन' अर्थात् परम्परागत साहित्यलाई 'चेप्टोसाहित्य' ठान्ने यस प्रवृत्तिका कथाकार राईले साहित्य वा कथामा 'वस्तुता' र 'समग्रता'को सैद्धान्तिक आग्रह राखेका छन् र वस्तुतात्मक अमूर्ततामा विश्वास गरेका छन् । यसैले 'ब्ल्याक आउट, काजु, बदाम छोरा', 'त्यसरी बाँचेको छ त्यसरी नै', 'खाडल', 'हामीजस्तै मैनाकी आमा', 'कोरस', 'टाढामा' र 'आकारहरू र छायाहरू', 'महारुदन' आदि कथाका माध्यमबाट राईले आयामेली चिन्तनको सीमाभित्र आबद्ध भएर नेपाली कथामा नवीनता र परिवर्तनको सैद्धान्तिक मानकको प्रयोग गर्ने सफलता पाएका छन् । यी कथाहरू कथानक-रचना, चरित्रविन्यास, परिवेशअङ्कन, दृष्टिकोणप्रयोग, गतिपद्धतिको समायोजन, उद्देश्य- प्रतिपादन र रूपविन्यासको संस्थापन सबै दृष्टिले प्रयोगशील मानिन्छन् । यी कथाहरूमा जीवनको 'वस्तुता', 'समग्रता' र 'पूर्णता' प्रस्तुत भएको राईको विश्वास रहेको छ । राईको 'त्यसरी बाँचेको छ त्यसरी नै' कथाले चरित्राङ्कनको उचाइमा मानवीय विसङ्गति र अस्तित्वलाई समग्रता र पूर्णताका साथ स्थापित गरेको छ भने 'ब्ल्याक आउट, काजु बदाम छोरा' कथामा राजमानको जीवनलाई पूर्णतामा प्रस्तुत गरिएको छ । यसैगरी 'महारुदन' कथा ठूलीको वस्तुतात्मक जीवनको समग्र अभिव्यक्ति हो (शर्मा, २०६७, पृ. २१८) । यी कथाहरूमा वस्तुचयनमा मात्र होइन, अभिव्यक्तिमा पनि नवीनता र प्रयोगशीलता पाइन्छ ।

प्रयोगवादी कथाकार राई लीलालेखनका नवप्रयोगवादी कथाकार हुन् । नवीनता र प्रयोगशीलतालाई कथा-धर्मको रूपमा स्विकार्ने राईले पछिल्लो चरणमा लीलालेखनमा कथा लखेका छन् । मानवजीवन ईश्वरीय अर्थात् प्राकृतिक 'लीला' हो भने मानवजीवनका सुख-दुःख, लाभ-हानि, जय-पराजय, आँसु-हाँसो सबै उसैका 'लीला' हुन् । मानव जीवनमा आधारित साहित्यसृजन अथवा कथासृजन पनि त्यस्तै ईश्वरीय लीला वा प्रकृतिको लीलाजस्तै 'लीला'हो । राई लीलालेखनका सैद्धान्तिक व्याख्याता हुन् भने कुशल प्रयोक्ता पनि हुन् । राईले 'कठपुतलीको मन' कथा सङ्ग्रहमा सङ्कलित 'बाघ', 'मिथक', 'मात्र', 'महारुदन', 'घाँसी', 'आँगनको घाममा लाटा', 'जन्ती', 'विश्व तिम्रो चरणमा' जस्ता कथालाई लीलालेखन स्विकारेका छन् । यिनी विश्वास गर्छन्- "कठपुतलीको मनमा लीला लेख्ने एउटा युक्ति समाइयो । अरू पनि बाटो खोज्नेहरूले झिक्ने नै छन् ।" राईको 'कठपुतलीको मन' कथा लीलालेखनको सिद्धान्तलाई अक्षरशः अनुपालन गरेर लेखिएको कथाकृति हो । राई जीवनलाई भ्रम नै भ्रममा चल्ने पद्धति ठान्छन् भने नियतिनिर्दिष्ट नैराश्यमाथिको अस्तित्वको स्थापनालाई पनि 'लीला' मान्दछन् । राईका दृष्टिमा यसैको अभिव्यक्ति लीलालेखन हो (सुवेदी, २०५१, पृ. २०३१) । कथाकार राईले 'कठपुतलीको मन' कथामा जुठे र चामेका मुखबाट यो जीवन-लीला प्रस्तुत गरेका छन् । जुठे भन्छ- "... सकिएर एउटै रहेको थिएँ म । बिहा गरेँ, छोरा-छोरी, नातिनातिना भए । सबै आफ्नो बाटो लागे र गुँड रित्तो भयो । तिम्री भाउजू पनि गइन् । म फेरि एउटै भएँ" (राई, २०५७, पृ. १६२) । कथामा चामेले पनि जीवनलाई जुठेले जस्तै असत्य, खेलमय र भ्रमपूर्ण तथा शून्य ठानेको छ । ऊ भन्छ- "एक भएका दुई थियौँ, गौँथली पोहोर खसिन् । म आधा रहेको छु । म पनि जान्छु । शून्यको शून्य । शून्यको अङ्क थिएँ अघि, फेरि अङ्क शून्यको" (राई, २०५७, पृ. १६२) । तर आशावादी हुँदै हामी पनि पुगौँ भन्यो चामेले, यस्तो बेलामा । टिप्छ आगो राँकोको भन्यो : खेलौँ बाँच्ने खेल" (राई, २०५७ : १६३) ।" कथाकार राईले लीलालेखनका माध्यमबाट आफ्नो कथा लेखनलाई नवीन र प्रयोगशील मात्र होइन, उत्तरोत्तर बौद्धिक र अरू बौद्धिक बनाएका छन् ।

प्रवासी नेपाली जीवनको यथार्थ अभिव्यक्तिका कथाकार राई प्रयोगवादी कथा-लेखनमा आइपुग्दा पनि यस प्रवृत्तिलाई समेत अङ्गीकार गर्दै गतिशील छन् । यिनका 'ब्ल्याक आउट, काजु बदम छोरा', 'महारुदन' र 'त्यसरी बाँचेको छ त्यसरी नै' जस्ता कथामा समग्ररूपमा प्रवासी नेपाली जीवनको अभिव्यक्ति पाइन्छ । भाषिक दृष्टिले पनि राईका कथामा प्रवासी नेपाली जीवनको सहज सहज अनुप्रेरणा स्वरूप दार्लिलिङमा बोलिने नेपाली भाषा र भाषिकाको सहज प्रभाव रहेको छ ।

प्रयोगवादी कथाकार राई विषयग्रहणका दष्टिले मात्र होइन, शिल्पसंरचना र रूपाधान-प्रतिपादनका दृष्टिले समेत नवीन र प्रयोगशील छन् । कथा-शीर्षक चयन, घटनासंयोजन, पात्रको चरित्रचित्रण, परिवेशअङ्कन, गतिपद्धतिको सङ्केत, उद्देश्यको प्रत्यङ्कन र रूपविन्यासमा समेत नवीनता र प्रयोगशीलता पाइने राईका कथामा समग्र स्वर र स्वरसन्धान दुबैमा पूर्णतः प्रयोगशीलता अभिव्यक्त भएको छ । राईले कथामा रूपाधानप्रतिको आग्रह स्वरूप चित्रकलाको सोभ्फो साम्यको भाषा प्रयोग गर्दै यथार्थ मिल्दो नयाँ भाषामा जोड दिएका छन् । भावको अमूर्त विधानमा विश्वास राख्ने राईले परम्परागत भाषाको साँघुरोपनलाई नाघी आफ्नै कथा भाषामा चित्रात्मक अनुभूति खोजेका छन् भने यहाँ अनुभूतिको तत्क्षणता प्रक्षेपण गर्ने उद्देश्यको प्रयोजनका लागि भाषालाई भाँच्ने प्रयास पनि भएको छ । राईका कथामा पाइने यस किसिमको सत्तामूलक नवीनताको उद्बोधनले आधुनिक नेपाली कथामा नयाँ आकृति र रूपको आविर्भाव भएको छ । राईका कथामा पाइने कथानक रचना, कथा पद्धति, दृष्टिकोण र रूपविन्यासको नवीन चेतनाले खास सिद्धान्तमा आधारित रहेर यथार्थवादी कथासँगको चुनौतीलाई स्वीकार गरेको छ र आधुनिक नेपाली कथामा प्रयोगवादी र नवप्रयोगवादी प्रवृत्तिको ऐतिहासिक श्रेयसमेत प्राप्त गरेको छ (शर्मा, २०६७, पृ. २१९) । यसैले कथाकार राई परम्परावादी हुनुभन्दा प्रयोगवादी बन्न रुचाउने कथाकार भन्ने स्पष्ट हुन्छ ।

## निष्कर्ष

परम्परावादी तथा प्रयोगवादी कथाकार राईका सम्बन्धमा निष्कर्षको रूपमा सङ्क्षेपमा के भन्न सकिन्छ भने यिनी भारतीय नेपाली साहित्यकार हुन् । साहित्यकारका रूपमा राई बहुमुखी प्रतिभा हुन् भने कथाकार राईका कथामा प्रवास (भारत) मा बस्ने नेपालीको जीवनलाई घटनाचयनको आधार स्विकारिएको पाइन्छ । सामाजिक यथार्थवादी तथा मनोवैज्ञानिक यथार्थवादी कथाकार राईमा मात्र होइन, प्रयोगवादी तथा नवप्रयोगवादी कथाकार राईमा पनि यो विशेषता समान रूपमा रहेको पाइन्छ । यिनी आफ्ना प्रथम चरणका कथाहरूमा प्रवासी नेपाली जीवनको यथार्थलाई विभिन्न कोणबाट प्रस्तुत गर्दछन् । प्रवासमा बस्ने नेपालीका जटिलता, कष्टप्रद भोगाइ, अपमान, आशा-निराशा आदिलाई स्वभाविक रूपमा चित्रण गरी कथा लेख्ने राईले दोस्रो चरणका कथामा आयामेली प्रयोग गरेका छन् । यस चरणका यिनका कथामा यिनकै मान्यताअनुसार 'वस्तुता', 'समग्रता' र 'सघनता'ले स्थान पाएको छ । पछिल्लो चरणमा यिनले लीलालेखनका कथा लेखेका छन् । राईकै मान्यताअनुसार लीलालेखनसम्बन्धी धारणाले जीवनलाई भ्रम नै भ्रम अथवा लीलैलीलामा चलेको पद्धति ठान्दछ र मानव-जीवन र चरित्र एउटा भ्रम हो र यही भ्रम उसको यथार्थ हो भन्नेमा विश्वास गर्दछ । यस मान्यताका आधारमा लेखिएका राईका लीलालेखनहरू बौद्धिक र तर्कयुक्त छन् । तसर्थ समग्रमा राईका कथा प्रवृत्तिहरूलाई सूचीबद्ध गर्ने हो भने यिनी यथार्थवादी र प्रयोगवादी द्वैध प्रकृतिका कथाकार हुन् । यिनका कथामा सामाजिक यथार्थ, निम्न तथा मध्य वर्गीय चरित्रको गहिराइ, दार्जिलिङ-सिक्किमतिरको वातावरण र

भाषा, मानिसको बौद्धिक, विसङ्गत र अस्तित्ववादी चिन्तनको नाटकीकरण, आयामेली वस्तुता र समग्रता, आञ्चलिकता तथा प्रयोगशीलताले नवीन कथा-अभिव्यक्ति प्राप्त गरेका छन् । कथाकार राईले आधुनिक नेपाली कथाका यथार्थवादी र प्रयोगवादी दुबै धारामा समान योगदान पुऱ्याए पनि यिनी प्रयोगवादी र नवप्रयोगवादी कथाकारका रूपमा स्थापित छन् तर यिनले स्थापना गरेको बौद्धिक र जटिल प्रस्तुतिजन्य प्रयोगवादी र नवप्रयोगवादी कथा-धारा प्रयोगशील बने पनि प्रणालीबद्ध बन्न सकेको छैन । परम्परावादी र प्रयोगवादी कथाधारा र प्रवृत्तिको सङ्गमलाई महत्त्व दिन सफल राई भने आधुनिक नेपाली कथाका विशिष्ट प्रतिभा मानिएका छन् ।

## सन्दर्भ-सूची


राई, इन्द्रबहादुर (१९७२), *कथास्था,* दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

राई, इन्द्रबहादुर (२०३१, *नेपाली उपन्यासका आधारहरू,* दार्जिलिङ : नेपाली साहित्यपरिषद् प्रकाशन ।

राई, इन्द्रबहादुर (१९६६), *टिपेका टिप्पणीहरू,* दो.सं. दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका ।

राई, इन्द्रबहादुर (२०५०), 'रातभरि हुरी चल्यो', *नेपाली कथा,* भाग २, काठमाडौँ : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०५७), 'कठपुतलीको मन', *नेपाली कथा* , भाग ४, काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, उर्मिला (२०६१), *विश्वेश्वरप्रसाद कोइरालाका आत्मवृत्तान्तहरूको कृतिपरक अध्ययन,* स्नातकोत्तर शोधप्रत्र त्रिभुवन विश्वविद्यालय ।

शर्मा, तारानाथ (२०२६), 'नेपाली साहित्यका सर्वोच्च कृतिमध्ये एक दोषी चश्मा'. *रेषा.* पृ. २२-२७ ।

शर्मा, तारानाथ (२०२७), *नेपाली साहित्यको इतिहास,* काठमाडौँ : सहयोगी प्रकाशन ।

शर्मा, विष्णु (१९८५), *विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी चरित्र,* विद्यावारिधि शोधप्रबन्ध, उत्तरबङ्ग विश्वविद्यालय ।

सुवेदी, राजेन्द्र (२०५१), 'आयामिक तथा लीलालेखनका कथाकार इन्द्रबहादुर राई', *स्नातकोत्तर नेपाली कथा,* काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०४९), 'विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्व', *मधुपर्क,* पृ. ६-१७ ।

शर्मा, हरिप्रसाद (२०६७), *कथाको सिद्धान्त र विवेचन,* काठमाडौँ : साझा प्रकाशन ।